काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २८३ ❐ शनिवार, ९ साउन, २०८३ ❐ Saturday, 25 July 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

राजी भाषाको व्याकरण बन्यो, विद्यालयमा पुगेन

❐ चाँदनी कठायत
सुर्खेत, ८ साउन

भेरीगंगा नगरपालिका-१२ का मानबहादुर राजी आफ्ना छोरा-छोरी र नाति-नातिनीसँग राजी भाषामा बोल्न खोज्छन् । तर उनको बोली सुनेर बालबालिकाले मुस्किलले केही शब्द मात्रै बुझ्छन् । घरभित्र कहिल्यै नसुनेको भाषा उनीहरुका लागि अपरिचितजस्तै बनेको छ ।

'हामी सानो हुँदा घर-जंगल, मेलापातमा सबै कुरा राजी भाषामै हुन्थ्यो,' उनी भन्छन्, 'अहिले त भाषा बोल्ने मान्छे नै घट्दै गएका छन, हामीसँगै भाषा पनि हराउने हो कि भन्ने डर लाग्छ ।' भाषा लोप नहोस् भनेर आफूहरुले भाषाकक्षा चलाए पनि खासै उपलब्धी नदेखिएको उनले गुनासो पोखे ।

भेरीगंगा नगरपालिकाको सहयोगमा गत आर्थिक वर्ष भाषाकक्षा सञ्चालन गरिएको थियो । तर बालबालिकाहरुले कक्षामा एकछिन राजी भाषा बोले पनि फेरि नेपाली भाषामै बोल्न थाले । घरपरिवार र समाजमा भाषाको अभ्यास भएन । यसले गर्दा पनि नयाँ पुस्ताको जिब्रोमा मातृभाषा बस्न सकेन ।

मानबहादुरको चिन्ता केवल भाषाको होइन, एउटा सिंगो समुदायको पहिचानसँग जोडिएको चिन्ता हो । नेपालका लोपोन्मुख आदिवासी जनजातिमध्ये पर्ने राजी समुदायको मातृभाषा अहिले अस्तित्वको संघर्षमा छ । अझ विडम्बना के छ भने संघीयता कार्यान्वयनपछि स्थानीय भाषा, संस्कृति र ज्ञानलाई विद्यालय शिक्षासँग जोड्ने उद्देश्यले स्थानीय पाठ्यक्रम निर्माण सुरु भए पनि राजी भाषाले अझै पाठ्यक्रममा स्थान पाउन सकेको छैन ।

संघीय शासन व्यवस्थापछि विद्यालय शिक्षालाई स्थानीय परिवेशसँग जोड्ने अवधारणा अघि सारिएको थियो । स्थानीय तहलाई आफ्ना क्षेत्रका भाषा, संस्कृति, इतिहास, सीप र परम्परालाई पाठ्यक्रममा समावेश गर्ने अधिकार दिइयो । यसको उद्देश्य स्थानीय पहिचानलाई जोगाउनुका साथै नयाँ पुस्तामा हस्तान्तरण गर्नु हो । तर कर्णाली प्रदेशका राजी समुदायका लागि यो अवसर अहिलेसम्म व्यवहारमा रुपान्तरण हुन सकेको छैन । सरकारले लोपोन्मुख आदिवासी जनजातिका रुपमा सूचीकृत गरेको राजी जातिको आफ्नै भाषा, भेषभूषा, संस्कार र संस्कृति छ । यद्यपि उनीहरुको लिपी छैन ।

भेरीगंगा नगरपालिका-१२ का गंगबहादुर राजी राजी भाषा हराउनुको मुख्य कारण नयाँ पुस्तामा भाषाको प्रयोग घट्दै जानु रहेको बताउँछन् । ' हामी सानो हुँदा घरभित्र र समुदायमा राजी भाषा नै बोलिन्थ्यो,' उनी भन्छन्, 'अहिले बालबालिकाले नेपाली मात्रै बोल्छन्, घरमै भाषा नबोल्ने भएपछि कसरी जोगिन्छ ?' स्थानीय सरकारले केही कार्यक्रम गरे पनि भाषा सिकाउने र पुस्तान्तरण गर्ने गरी प्रभावकारी काम नभएको उनले बताए ।

स्थानीय पाठ्यक्रममा राजी भाषा र संस्कृतिलाई समावेश गर्न सके बालबालिकाले समुदायको इतिहास, भाषा र पहिचानबारे जान्न पाउने उनको विश्वास छ । 'विद्यालयमा पढाइ हुन थाल्यो भने बच्चाहरूले सिक्छन्, सिकेपछि भाषा बिस्तारै बाँच्न सक्छ,' गंगबहादुरले भने, 'अहिले त भाषा जोगाउने जिम्मा बुढापाकाको काँधमा मात्रै छ, त्यसले पुग्दैन ।'

२०७८ को जनगणना अनुसार राजीको जनसंख्या ५ हजार १२५ रहेको छ, जसमध्ये २ हजार ४८३ पुरुष र २ हजार ६४२ महिला छन् । कूल राजीमध्ये झण्डै आधा कैलालीमा बसोबास छन् । सुर्खेतमा करिब २१ प्रतिशत र बर्दियामा करिब ११ प्रतिशत रहेका छन् । राजीका तीन थरि छन्- नौकल्या, बाह्रबण्डाली र सुटुर पण्डे । सबैको मातृभाषा एउटै हो- राजी । यो भाषा तिब्बती-बर्मेली परिवारभित्र पर्छ । २०७८ को जनगणना अनुसार राजी भाषा बोल्नेको संख्या ४ हजार ८७६ छ, जुन यो जातिको कुल जनसंख्याको ८२.१ प्रतिशत हो ।

भाषाविज्ञहरूका अनुसार राजी भाषा साइनो-तिब्बती भाषा परिवार अन्तर्गतको राजी-राउटे समूहमा पर्दछ । यो भाषा नेपाल र भारतको उत्तराखण्ड क्षेत्रमा बोलिन्छ । विगतमा घुमन्ते जीवनशैली अपनाउने राजी समुदाय अहिले स्थायी बसोबासमा आए पनि उनीहरूको भाषा भने क्रमशः खुम्चिँदै गएको छ ।

अन्तरजातीय विवाहले राजी समुदायको भाषा, संस्कृति संरक्षणमा गम्भीर समस्या उत्पन्न भएको भन्दै उनीहरूले स्वजातीय विवाह, भाषा, वेशभूषा र संस्कृति संरक्षणमा जोड दिँदै आएको देखिन्छ । उनीहरूले राजी साल्म समाजमार्फत सचेतना, संस्कृति संरक्षणका गतिविधि सञ्चालन गर्दै आए पनि पर्याप्त नभएको राजी साल्म समाजका केन्द्रीय महासचिव अशोक राजी बताउँछन् ।

भाषासम्बन्धी अन्तर्राष्ट्रिय संस्था इथ्नोलोगले राजी भाषालाई 'एन्डेन्जर्ड' अर्थात् संकटग्रस्त भाषाको सूचीमा राखेको छ । संस्थाका अनुसार अहिले बालबालिकामा भाषाको पुस्तान्तरण कमजोर बन्दै गएको छ र भाषा विद्यालय शिक्षामा प्रयोग हुँदैन ।

एक दशकअघि सुर्खेतको तत्कालीन उत्तरगंगा-५ स्थित ठौरी राजीगाउँमा गरिएको अध्ययनमा १२ घरधुरीका ४५ जनामध्ये ४० वर्षभन्दा माथिका १८ जनालाई मात्र राजी भाषा बोल्न आउने उल्लेख गरिएको थियो । नयाँ पुस्ताले केही शब्द बुझ्ने भए पनि बोल्न नसक्ने अवस्था देखिएको थियो । स्थानीय बिर्खलाल राजी भन्छन्, 'राजीको नाममा हाम्रो थर मात्रै बाँकी रह्यो, अरू सबै गुमाइसक्यौं ।'

आज पनि समुदायका अगुवाहरूको चिन्ता उस्तै छ । भेरीगंगा-१२ का मानबहादुर भन्छन्, 'हामीले बोल्न छाडेपछि भाषा कसरी बाँच्छ ? अहिले बालबालिकाले नेपाली मात्रै बोल्छन् । राजी भाषा बुझ्नेहरू पनि घटिरहेका छन् ।'

उनीहरुका अनुसार अन्तरजातीय विवाह, बसाइँसराइ, विद्यालयमा मातृभाषाको प्रयोग नहुनु, रोजगारीका लागि बाहिरिने क्रम र नेपाली भाषाको बढ्दो प्रभावले राजी भाषालाई संकटमा पुऱ्याएको हो ।







स्थानीय पाठ्यक्रममा पनि परेन राजी भाषा

संघीयता लागू भएपछि स्थानीय तहहरूले आ-आफ्नो स्थानीय पाठ्यक्रम निर्माण गरेका छन् । तर राजी समुदायको उल्लेख्य बसोबास भएका स्थानीय तहमा समेत राजी भाषालाई पाठ्यक्रममा समेटिएको पाइँदैन । सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाले स्थानीय पाठ्यक्रम तयार गरे पनि राजी भाषा संरक्षणका लागि छुट्टै विषयवस्तु समावेश गरेको छैन । नगरपालिकाका सूचना अधिकारी टंकप्रकाश लामिछाने भन्छन्, 'राजी समुदायका लागि वर्षमा एक-दुई वटा कार्यक्रम सञ्चालन गर्ने गरेका छौं, तर भाषालाई पाठ्यक्रममै समेट्ने गरी काम हुन सकेको छैन ।'

भेरीगंगा नगरपालिकाले कक्षा १ देखि ५ सम्मका लागि स्थानीय पाठ्यक्रम निर्माण गरेको छ । तर उक्त पाठ्यक्रममा पनि राजी भाषाको संरक्षण वा अध्ययनसँग सम्बन्धित छुट्टै विषय समावेश छैन । नगरपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख गजेन्द्रकुमार जिसीका अनुसार समुदायको जनसंख्या थोरै भएकाले भाषालाई समेट्न कठिन भएको हो । 'राजीको मात्रै भाषा राखेपछि अरू समुदायले पनि माग गर्न सक्छन्,' उनले भने, 'पाठ्यक्रममा समुदायबारे केही जानकारी त छ, तर भाषाका लागि छुट्टै व्यवस्था छैन, अब परिमार्जन गर्दा केही विषय समेट्न सकिन्छ ।'

राजी साल्म समाजका केन्द्रीय महासचिव अशोक राजी स्थानीय तीनै तहको सरकारले आफ्नो समुदायको वास्तविक अवस्थाबारे पर्याप्त अध्ययन नगरेको बताउँछन् । 'राजी समुदाय सीमान्तकृत र अल्पसंख्यक आदिवासी जनजातिमध्ये एक हो,' उनी भन्छन्, 'स्थानीय पाठ्यक्रममा हाम्रो भाषा र समुदायबारे पर्याप्त सामग्री छैन, समुदायसम्म नपुग्नु र समुदायलाई हेर्ने दृष्टिकोणकै परिणाम हो ।' सामान्य अन्तरक्रिया र कार्यक्रमले मात्रै भाषा संरक्षण सम्भव नहुने उनले बताए ।

राजी भाषा संरक्षणकर्ताहरु समुदायको शैक्षिक, आर्थिक, राजनीतिक र भाषिक अवस्थाबारे विस्तृत अध्ययन हुनुपर्ने बताउँछन् । यसबाट समस्याको पहिचान भई आवश्यक पहल गर्न सकिने उनीहरुको भनाइ छ । 'सबैभन्दा पहिला त्यसको तथ्यांक निकाल्नुपर्छ, भाषा र संस्कृतिलाई पाठ्यक्रममा समेट्न सके संरक्षणमा ठूलो सहयोग पुग्छ,' अशोक राजी भन्छन् ।

कर्णाली प्रदेश सरकारले पनि आफ्नो नीति तथा कार्यक्रममा लोपोन्मुख भाषा, कला र संस्कृतिको संरक्षण गर्ने प्रतिबद्धता दोहोऱ्याउँदै आएको छ । तर ती कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेका छैनन् । सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले राजी समुदाय संरक्षणका लागि छुट्याइएको केही बजेट विविध कारणले खर्च हुन नसकेको *बाँकी पृष्ठ ४*

एक वर्षमा ७ लाख ८८ हजार रूपैयाँ बराबरका अखाद्य वस्तु नष्ट



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ८ साउन

सुर्खेतमा पछिल्लो एक वर्षमा ७ लाख ८८ हजार ४८ रुपैयाँ बराबरका अखाद्य तथा म्याद नाघेका खाद्यवस्तु जफत गरी नष्ट गरिएको छ । शुक्रबार खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय सुर्खेतले वार्षिक समिक्षा गर्दै यस्तो जानकारी दिएको हो । खाद्य गुणस्तर नियमनलाई कडाइ गर्दै कार्यालयले वर्षभर ६ सय ९८ स्थानमा बजार, होटल, रेष्टुरेन्ट, खाद्य उद्योग तथा अन्य संवेदनशील क्षेत्रको अनुगमन गरेको कार्यालय प्रमुख श्रीराम न्यौपानले जानकारी दिए ।

यसक्रममा ९ सय २४ वटा खाद्य नमुना परीक्षण गर्दा ३७ वटा नमुना गुणस्तर मापदण्ड विपरीत भेटिएको उनले जानकारी दिए । साथै २ सय ५० वटा तरकारी तथा फलफूलमा विषादी अवशेषको द्रुत परीक्षण (आरबीपीआर) समेत गरिएको छ ।

कार्यालय प्रमुख न्यौपानेका अनुसार नियमित अनुगमनका क्रममा म्याद नाघेका, न्यून गुणस्तरका तथा उपभोगका लागि अनुपयुक्त खाद्यवस्तु जफत गरी नष्ट गरिएको हो । खाद्य सुरक्षालाई प्रभावकारी बनाउन बजार अनुगमन, प्रयोगशाला परीक्षण र उपभोक्ता गुनासो सम्बोधनलाई प्राथमिकता दिइएको उनले बताए । कार्यालयका अनुसार वर्षभर ४ सय २१ पटक खाद्य बजार, १ सय ८० पटक होटल तथा रेष्टुरेन्ट, ८३ वटा खाद्य उद्योग, २६ वटा संवेदनशील खाद्य उद्योग, १४ वटा दाना बजार तथा ५३ वटा आकस्मिक खाद्य सुरक्षा अनुगमन गरिएको छ ।

प्रयोगशाला परीक्षणतर्फ ९ सय २४ खाद्य नमुना र ४ वटा दाना नमुना परीक्षण गरिएको छ । औपचारिक रुपमा संकलन गरिएका ६१ खाद्य नमुनामध्ये ४ वटा प्रतिकूल भेटिएका छन् भने खाद्य स्वच्छता निगरानीअन्तर्गत परीक्षण गरिएका ९३ नमुनामध्ये १ वटा मात्रै प्रतिकूल देखिएको कार्यालयले जनाएको छ ।

यस अवधिमा खाद्य उद्योगको नियमनसमेत प्रभावकारी बनाइएको छ । कार्यालयले १२ वटा नयाँ अनुज्ञापत्र जारी, २९ वटा नवीकरण तथा २८ वटा उद्योग सिफारिस गरी कुल ६९ वटा सेवा प्रदान गरेको प्रमुख न्यौपानेले जानकारी दिए ।

उपभोक्ताबाट प्राप्त गुनासोका आधारमा प्रशोधित पिउने पानी, तयारी खाना, होटल तथा अन्य खाद्य व्यवसायमा समेत अनुगमन गरिएको थियो । अनुगमनका क्रममा अखाद्य वस्तु भेटिएपछि सम्बन्धित व्यवसायलाई सुधारका लागि निर्देशन दिइएको र आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको उनको भनाइ छ ।

कार्यालयका अनुसार आर्थिक वर्षभर प्रशोधित पिउने पानी र तयारी चाउचाउसँग सम्बन्धित चार वटा मुद्दा दायर भएका छन् । ती सबै मुद्दा हाल अनुसन्धानको क्रममा रहेको प्रमुख न्यौपानेले बताए ।

कार्यालयका अनुसार खाद्य स्वच्छता, सुरक्षित खाद्य उत्पादन, पोषण तथा उपभोक्ता सचेतनासम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गरिएको छ । साथै स्थानीय तह, खाद्य व्यवसायी र सरोकारवालासँग सहकार्य गर्दै खाद्य सुरक्षासम्बन्धी जनचेतना अभिवृद्धिका कार्यक्रमलाई पनि निरन्तरता दिइएको छ ।

कार्यालय प्रमुख न्यौपानेले जनशक्ति अभावका कारण अपेक्षाअनुसार काम गर्न चुनौती रहेको बताए । उनका अनुसार कार्यालयमा स्वीकृत २१ दरबन्दीमध्ये १३ जना मात्रै कार्यरत छन् । खाद्य निरीक्षण अधिकारी, प्रयोगशालाका प्राविधिक तथा आवश्यक बजेट थप भए सेवा प्रवाह अझ प्रभावकारी हुने उनले बताए ।

खाद्य सुरक्षामा सबैको साझा जिम्मेवारी हुनुपर्नेमा जोड

कार्यक्रममा कार्यालय प्रमुख श्रीराम न्यौपानेले खाद्य स्वच्छता र सुरक्षाको जिम्मेवारी कुनै एक निकायको मात्र नभई उत्पादनदेखि उपभोगसम्मको सम्पूर्ण खाद्य शृंखलासँग आबद्ध सबै पक्षको हुने बताए । उनले स्थानीय तहले खाद्य मेला तथा अन्य सार्वजनिक कार्यक्रममा खाद्य स्टल सञ्चालन गर्नुअघि आफूहरुसँग समन्वय गर्नुपर्नेमा जोड दिए । अनुदानमा वितरण गरिने उपकरण पनि फुड-ग्रेडका मात्र उपलब्ध गराउन र स्थानीय तहले सम्भव भए खाद्य निरीक्षकको व्यवस्था गरी बजार तथा होटल अनुगमनलाई नियमित बनाउनुपर्ने उनको सुझाव थियो ।

न्यौपानेले न्यून जनशक्तिका बाबजुद कार्यालयले वार्षिक लक्ष्यभन्दा बढी बजार अनुगमन र निरीक्षण गर्न सफल भएको उल्लेख गर्दै कारबाहीभन्दा *बाँकी पृष्ठ ४*

शनिवार

सङ्घर्षको बाटो



✍ खगिसरा वली
गुराँस गा.पा.-८ दैलेख

नेपालको पश्चिम पहाडको एउटा दुर्गम गाउँमा रामबहादुर नामका एक इमानदार, मेहनती तर गरिब किसान बस्थे । उनको परिवारमा वृद्ध आमा, श्रीमती माया, छोरा सन्देश र छोरी सुमीना थिए । उनीहरूसँग थोरै मात्र जमिन थियो। वर्षभरि खेतमा पसिना बगाउँदा पनि छ महिना खान नपुग्ने अवस्था थियो। बाँकी समय उनीहरू ज्याला(मजदुरी गरेर जीवन चलाउँथे। गरिबी उनीहरूको घरको पाहुना होइन, स्थायी सदस्य जस्तै बनिसकेको थियो।

हरेक बिहान रामबहादुर सूर्योदय हुनुअघि नै उठ्थे र हातमा कोदालो बोकेर खेततिर लाग्थे । साँझ घर फर्किँदा उनको शरीर थकानले गलिसकेको हुन्थ्यो, तर अनुहारमा परिवारलाई खुसी राख्ने सपना भने अझै बाँकी रहन्थ्यो । घर पुग्दा साना छोराछोरी दौडिँदै आएर अँगालो हाल्थे ।

उनीहरूको त्यो मुस्कानले दिनभरको थकान बिसाइदिन्थ्यो । तर मुस्कानले मात्र जीवन चल्दैनथ्यो। छोराछोरीको विद्यालयबाट बेलाबेला कापी, किताब, पोसाक र परीक्षा शुल्कको माग आउँथ्यो । छोराछोरी भने आमाबुबालाई केही भन्न सक्दैनथे ।

एक दिन छोरा सन्देश विद्यालयबाट उदास भएर आयो । शिक्षकले शुल्क नतिरेसम्म परीक्षा दिन नपाउने भन्नुभएको रहेछ । रामबहादुरले छोराको अनुहार हेरेर सोधे, 'के भयो छोरारु' छोराले भन्यो, 'बुबा, विद्यालयमा गुरुले शुल्क नतिरेसम्म परीक्षा दिन नपाउने भन्नुभएको छ ।' छोराको कुरा सुनेर उनको मन भक्कानियो । घरमा पैसा थिएन । उनले गाउँका साहुसँग ऋण मागे । साहुले चर्को ब्याजमा पैसा दिए । त्यो दिन रामबहादुरले गरिब हुनुको पीडा गहिरोसँग बुझे ।

समय बित्दै गयो, ऋण बढ्दै गयो । वृद्ध आमाको स्वास्थ्य पनि बिग्रँदै गयो । उनलाई औषधि चाहिन्थ्यो तर औषधि किन्ने पैसा थिएन । श्रीमती मायाले आफ्ना गरगहनासमेत बेचिन् । त्यसपछि बेच्न बाँकी केही रहेन ।

एक दिन गाउँका केही युवक वैदेशिक रोजगारीका लागि विदेश जाँदै थिए। उनीहरूले रामबहादुरलाई पनि विदेश जान आग्रह गरे। सुरुमा त रामबहादुरले अस्वीकार गरे । उनलाई परिवार छोडेर जानै मन थिएन, तर पारिवारिक परिस्थितिले उनलाई बाध्य बनायो । उनले फेरि गाउँबाट चर्को ब्याजमा नै ऋण लिए र विदेश जाने प्रक्रिया पूरा गरे । हेर्दाहेर्दै उनको विदेश जाने दिन पनि आयो । घर छोड्ने दिन उनका लागि निकै पीडादायी थियो । सानी छोरी सुमीनाले बुबाको हात समातेर रुँदै भनिन्, 'बुबा, चाँडै फर्किनुहोला है,तपाईंबिना घर सुनसान हुन्छ ।' रामबहादुरले छोरीलाई काखमा च्यापे र आँसु लुकाउँदै भने, बाबु, म तिमीहरूकै भविष्य बनाउन जाँदैछु । पढाइ कहिल्यै नछोड्नु, राम्रोसँग पढ्नु ।

उनी विदेश त गए, तर विदेश पुगेपछि उनले कल्पना गरेजस्तो सजिलो जीवन पाएनन् । बिहान पाँच बजेदेखि राति अबेरसम्म काम गर्नुपर्थ्यो। चर्को घाम, गाह्रो र अप्ठ्यारो श्रम, थोरै आराम र परिवारको सम्झनाले उनलाई दिनदिनै कमजोर बनाइरहेको थियो। धेरै नेपाली श्रमिकहरू जस्तै उनले पनि आफ्नो दुःख घरमा कहिल्यै सुनाएनन्। फोन गर्दा सधैं एउटै कुरा भन्थे, म राम्रो छु, तिमीहरू चिन्ता नगर ।

उता गाउँमा माया पनि निकै सङ्घर्षमय जीवन बिताइरहेकी थिइन्।खेतबारीको काम,वृद्धसासूको हेरचाह, छोराछोरीको पढाइ, सबै जिम्मेवारी उनले एक्लै सम्हालिन्। समाजका केही मानिसहरूले विदेश गएर पनि के नै भयो र भन्दै व्यङ्ग्य गर्थे । तर मायाले उत्तर दिनुभन्दा काम गरेर देखाउने निर्णय गरिन् ।

एक दिन अचानक वृद्ध आमाको स्वास्थ्य निकै बिग्रियो । अस्पताल लैजानुपर्ने भयो तर पैसा थिएन । गाउँलेहरूले केही सहयोग गरे भने रामबहादुरले विदेशमा ऋण गरेर पैसा पठाए । केही दिनपछि आमा निको त भइन्, तर रामबहादुरको ऋणको अङ्क झन् बढ्यो । यसै कारण उनी तीन वर्षसम्म घर फर्कन पाएनन्। हरेक चाडपर्वमा परिवारको यादले उनको मन भक्कानिन्थ्यो । दशैँमा अरू साथीहरू घर जाँदा उनी काममै व्यस्त हुन्थे । 'साथीहरू घर गएर आफ्नो परिवारसँग कति खुसीसाथ चाडपर्व मनाइरहेका होलान् । म भने यता तड्पिएर बसेको छु, उता परिवार तड्परहेका छन्,' भन्ने सोच्दै उनी निकै भावुक हुन्थे । तर पनि 'मेरो खुसीभन्दा परिवारको भविष्य ठूलो छ' भन्ने कुरालाई आत्मसात् गर्दै उनी आफ्नो मन आफैँ बुझाउँथे ।

अन्ततः चार वर्षपछि उनी घर फर्किए । छोराछोरी निकै ठुला भइसकेका थिए । वृद्ध आमाले छोरालाई देख्नासाथ आँसु झारिन् । मायाले खुसीले केही बोल्न सकिनन् । उनीहरूको मौन भेटमा हजारौँ शब्द लुकेका थिए ।

रामबहादुरले विदेशबाट ल्याएको पैसाले गाउँको सबै ऋण तिरे । बाँकी रहेको पैसाले गाउँमै एउटा कृषि फर्म सुरु गरे । सुरुवात भने सजिलो थिएन । बालीमा रोग लाग्यो र केही नोक्सानी भयो । गाउँका मानिसहरूले फेरि आलोचना गर्न थाले । कसैले भने, 'गरिबको भाग्य कहिल्यै बदलिँदैन ।' तर रामबहादुरले हार मानेनन् । उनले कृषि कार्यालयबाट तालिम लिए र नयाँ तरिकाले खेती गर्न थाले। तरकारी, फलफूल र बाख्रापालन सुरु गरेपछि बिस्तारै उत्पादन बढ्न थाल्यो । गाउँका अन्य युवाले पनि उनीबाट प्रेरणा लिन थाले ।

छोरा सन्देशले कडा मिहिनेतका साथ उच्च शिक्षा पूरा गऱ्यो र शिक्षक बन्यो । छोरी सुमीनाले नर्सिङ पढेर गाउँकै स्वास्थ्य केन्द्रमा सेवा गर्न थालिन् । उनीहरूले आफ्नो पहिलो तलब आमाबुवाको हातमा राख्दै भने, 'आमाबुबा, आज हामी जे भएका छौँ, तपाईंहरूको त्याग र सङ्घर्षकै कारण भएका हौँ ।' त्यो दिन रामबहादुर र मायाका आँखाबाट हर्षका आँसु रोकिएनन् । उनीहरूले जीवनभर भोगेका दुःखहरू चलचित्रको पर्दा जस्तै आँखाअगाडि आए ।

गरिबी, भोक, ऋण, अपमान, विदेशको पीडा र गाउँको सङ्घर्ष– सबै सम्झनाहरूले मन भरियो । तर आज ती सबै दुःख सफलताको आधारमा परिणत भइसकेका थिए ।

केही वर्षपछि रामबहादुर गाउँका एक सम्मानित किसान बने । उनले गाउँका गरिब बालबालिकालाई पढ्न आर्थिक सहयोग गर्न थाले। बेरोजगार युवाहरूलाई 'वैदेशिक रोजगारी मात्र समाधान होइन, आफ्नै गाउँमा पनि अवसर सिर्जना गर्न सकिन्छ' भन्ने प्रेरणा दिन थाले । एउटा सार्वजनिक कार्यक्रममा उनले भने, 'गरिब हुनु अपराध होइन, मिहिनेत गर्न छोड्नु चाहिँ अपराध हो। सङ्घर्षबाट भाग्ने होइन, त्यसलाई स्वीकार गरेर अगाडि बढ्नुपर्छ ।'

काँधमा जिम्मेवारी र मनमा दृढ सङ्कल्प बोकेका रामबहादुरका यी शब्दहरू सुनेर धेरै युवाको मन परिवर्तन भयो । गाउँमा एउटा नयाँ सकारात्मक सोचको सुरुवात भयो र मानिसहरूले श्रमको सम्मान गर्न सिके ।

छायाँ हराएको घर



✍ बबिता रावत
सिम्ता गा.पा.-२,सुर्खेत

गाउँको छेउमा एउटा सुन्दर सानो बस्ती थियो । त्यही बस्तीको बीचमा एउटा पुरानो तर मायाले भरिएको घर थियो । त्यो घर ठूलो त थिएन, तर त्यहाँ बस्ने मानिसहरूको मन भने निकै विशाल थियो । त्यो घरमा राजन, उनकी श्रीमती गीता, छोरा निराजन र छोरी रेखा बस्थे । घरको सबैभन्दा ठूलो आधार राजन थिए । परिवारका लागि उनी आशा, भरोसा र सुरक्षाको बलियो छाया थिए ।

राजन बिहान सबैरै उठेर काममा जान्थे । घाम, पानी वा चिसो केही नभनी उनी परिवारको भविष्य राम्रो बनाउन सङ्घर्ष गर्थे । आफ्नो दुःख लुकाएर छोराछोरीको अनुहारमा मुस्कान ल्याउनु नै उनको सबैभन्दा ठूलो खुसी थियो । उनी सधैं भन्ने गर्थे, 'जीवनमा कठिनाइहरू आउँछन्, तर मिहिनेत र इमानदारिताले मानिसलाई सधैं अगाडि बढाउँछ ।'

निराजन सानो छँदा बाबाको औँला समातेर हिँड्थ्यो । उसलाई संसारमा सबैभन्दा सुरक्षित ठाउँ बाबाको काख लाग्थ्यो । पढाइमा कहिलेकाहीँ कमजोर हुँदा बाबाले हौसला दिँदै भन्नुहुन्थ्यो, 'असफलतासँग डराउनु हुँदैन बाबु, प्रयास गर्न छोड्नु नै सबैभन्दा ठूलो हार हो ।'

बाबाका यी शब्दहरू निराजनको मनमा गहिरोसँग बसेका थिए । रेखा पनि बाबाकी निकै प्यारी छोरी थिइन् । उनी सधैं भन्थिन्, 'बाबा, म ठूली भएर हजुरले गर्व गर्ने काम गर्छु ।' राजन मुस्कुराउँदै जवाफ दिन्थे, 'मलाई तिमीहरू सफल भएको हेर्नु नै सबैभन्दा ठूलो खुसी हो ।'

समय आफ्नै गतिमा अगाडि बढिरहेको थियो । घरमा दुःख-सुख आउँथे, तर राजनको उपस्थितिले सबै समस्या सजिलै पार लाग्थे । परिवारलाई लाग्थ्यो– जबसम्म बाबाको साथ छ, कुनै पनि आँधीबेहरीले उनीहरूलाई हल्लाउन सक्दैन ।

तर नियतिले कहिलेकाहीँ मानिसले कल्पना नै नगरेको मोड ल्याइदिन्छ ।

एक वर्ष गाउँमा ठूलो वर्षा भयो । लगातार परेको पानीले धेरै ठाउँमा समस्या निम्त्यायो । त्यही समयमा राजन अचानक बिरामी परे । सुरुमा सामान्य ज्वरो ठानेर घरमै उपचार गरियो, तर दिन बित्दै जाँदा उनको स्वास्थ्य झन्-झन् कमजोर हुँदै गयो । गीताको मन डरले भरिन थाल्यो । उनले भगवानसँग प्रार्थना गर्दै भनिन्, 'मेरो परिवारको आधारलाई केही नहोस् ।'

निराजन बाबालाई हेर्दै चुपचाप बसिरहन्थ्यो । उसले पहिलो पटक बाबालाई यति कमजोर देखेको थियो । अस्पतालको शान्त कोठामा राजनले परिवारतिर हेरे । उनको स्वर कमजोर थियो, तर आँखामा अझै माया थियो । उनले निराजनको हात समात्दै भने, 'निराश नहोऊ बाबु, अब तिमीले आमा र बहिनीको ख्याल राख्नु । पढाइ कहिल्यै नछोड्नु ।'

निराजनको आँखाबाट आँसु बग्यो । उसले बाबाको हात समाउँदै भन्यो, 'बाबा, तपाईं चाँडै निको हुनुहुन्छ, हामीलाई छोडेर जानुहुन्न ।' तर समयले अर्कै निर्णय गरिसकेको थियो । केही दिनपछि राजनले सधैंका लागि संसार छोडे ।

राजनको अन्तिम यात्रापछि त्यो घर एकाएक सुनसान बन्यो । जुन आँगन सधैं उज्यालो हुन्थ्यो, त्यही आँगन अब मौन थियो । निराजन सधैं बिहान उठेर ढोकातिर हेर्थ्यो–कतै बाबा कामबाट आउनुहुन्छ कि भनेर । तर वास्तविकताले उसलाई फेरि पीडा दिन्थ्यो । गीता पनि भित्रभित्रै टुटिसकेकी थिइन् । जीवनभरको साथी सधैंका लागि टाढा भएपछि उनलाई घरको जिम्मेवारी पहाड जस्तै लाग्न थाल्यो । उनी छोराछोरीको अनुहार हेर्दै आफ्ना आँसु लुकाउँथिन् ।

एक दिन निराजनले आमालाई सोध्यो, 'आमा, अब हाम्रो जीवन कसरी चल्छ ? बाबाले त हामीलाई कहिल्यै दुःख हुन दिनुभएको थिएन ।' गीताले छोराको टाउकोमा हात राख्दै भनिन्, 'बाबा हामीसँग नभए पनि उहाँले देखाएको बाटो र संस्कार सधैं हामीसँग छ । हामीले उहाँको सपना पूरा गर्नुपर्छ ।'

ती शब्दहरूले निराजनको मनमा नयाँ हिम्मत जगाए । उसले त्यही दिनदेखि एउटा निर्णय गऱ्यो– अब ऊ कहिल्यै कमजोर हुनेछैन, जिम्मेवारी पूरा गर्नेछ र बाबाले देखाएको बाटोमा हिँडेर परिवारको सहारा बन्नेछ ।

तर बाटो सजिलो थिएन । घरको आर्थिक अवस्था कमजोर हुँदै गएको थियो । पहिले राजनले गर्ने काम अब परिवारले मिलेर सम्हाल्नुपर्ने भयो । गीताले घरको कामसँगै गाउँमा साना-तिना ज्याला-मजदुरीका काम गर्न थालिन् । निराजन पनि पढाइसँगसँगै आमालाई सहयोग गर्न थाल्यो । राति अबेरसम्म पढ्ने र बिहान चाँडै उठेर काम गर्ने उसले आफ्नो दैनिकी बनायो ।

कहिलेकाहीँ उसलाई थकानले रोक्न खोज्थ्यो, तर बाबाको सम्झनाले उसलाई अगाडि बढ्ने नयाँ ऊर्जा दिन्थ्यो ।

वर्षहरू बित्दै गए । निराजनले पढाइमा उत्कृष्ट नतिजा ल्याउँदै गयो । गाउँमा सबैले भन्न थाले, 'राजनको छोराले साँच्चै बाबाको नाम उज्यालो बनाउनेछ ।'

एक दिन निराजन ठूलो सफलताको खबर लिएर घर आयो । उसका आँखामा खुसीका आँसु थिए । उसले आमाको हात समात्दै भन्यो, 'आमा, आज बाबाको सपना पूरा हुने बाटो खुलेको छ, मैले ठूलो सरकारी जागिर नाम निकालेँ ।'

गीताका आँखामा पनि हर्षका आँसु भरिए । उनले आकाशतिर हेर्दै भनिन्, 'राजन, तिमी जहाँ भए पनि आज आफ्नो छोरामाथि पक्कै गर्व गरिरहेका छौ होला ।'

त्यसपछि त्यो घरमा फेरि बिस्तारै खुसी फर्कन थाल्यो । राजनको अभाव कहिल्यै पूरा हुन त सकेन, तर उहाँले दिएको माया, संस्कार र सङ्कल्पले त्यो घरलाई फेरि बलियो बनायो । मिहिनेतले मानिसलाई अन्धकारबाट सधैं उज्यालोतर्फ लैजान्छ भन्ने कुरा निराजन र उसको परिवारले प्रमाणित गरेर देखायो ।

जुम्लाका सात सडकको ठेक्का आह्वान

काँक्रेविहार संवाददाता

जुम्ला, ८ साउन

सडक डिभिजन कार्यालय जुम्लाले आगामी आर्थिक वर्षको सुरुदेखि नै निर्माण कार्य अघि बढाउने लक्ष्यसहित सातवटा सडक आयोजनाको स्तरोन्नति तथा कालोपत्रेका लागि समयअघि नै ठेक्का आह्वान गरेको छ।

बुधबार प्रकाशित सूचना अनुसार जुम्ला, कालिकोट र मुगु जिल्लाका महत्वपूर्ण सडकको स्तरोन्नति तथा कालोपत्रे कार्यका लागि प्रक्रिया सुरु गरिएको हो।

विगतमा ढिलो ठेक्का प्रक्रिया, हिउँदे बिदा, असार केन्द्रित निर्माण प्रवृत्ति तथा निर्माण व्यवसायीको लापरबाहीका कारण कर्णालीका सडक आयोजना समयमै सम्पन्न हुन सकेका थिएनन्।

यसपटक भने साउनअघि नै ठेक्का प्रक्रिया पूरा गरेर पहिलो चौमासिकदेखि निर्माण कार्य सुरु गर्ने लक्ष्य राखिएको सडक डिभिजन कार्यालयले जनाएको छ।

सडक डिभिजन जुम्लाका प्रमुख श्रवणकुमार महताराका अनुसार लामो समयदेखि अलपत्र रहेका सडक आयोजनालाई प्राथमिकतामा राखेर काम अघि बढाइएको हो।

उनले काम नगरी म्याद थप्दै आयोजना लम्ब्याउने निर्माण व्यवसायीमाथि कानुनी कारबाही गरिएको जानकारी दिँदै हालसम्म १२ निर्माण व्यवसायीका १६ वटा ठेक्का सम्झौता रद्द गरिएको बताए।



उनले अब नयाँ ठेक्का लिने निर्माण व्यवसायीले निर्धारित समयभित्र गुणस्तरीय काम सम्पन्न गर्नुपर्नेमा जोड दिँदै कर्णालीका नागरिकलाई सुरक्षित, सहज र भरपर्दो सडक सुविधा उपलब्ध गराउने लक्ष्य रहेको बताए। साथै कर्णाली राजमार्गलाई सुरक्षित र व्यवस्थित बनाउन राज्यले विशेष प्राथमिकता दिनुपर्ने उनको भनाइ छ।

सडक डिभिजन कार्यालयका सूचना अधिकारी सौरभकुमार सिंहका अनुसार करिब २२ करोड रुपैयाँको लागतमा सातवटा सडक आयोजना कार्यान्वयन गरिनेछ। तीमध्ये दुईवटा सडक कालोपत्रे गरिनेछन् भने पाँचवटा सडकको स्तरोन्नति गरिनेछ।

प्रत्येक आयोजनाका लागि करिब दुई करोडदेखि तिन करोड ५० लाख रुपैयाँसम्म बजेट विनियोजन गरिएको छ। यसअन्तर्गत मुगुको रारा क्षेत्र जोड्ने सडकको स्तरोन्नतिसँगै कालोपत्रे गरिनेछ। साथै सुर्खेत-दैलेख-महावुलेक-गाल्जे-नाम्म-गमगढी-नाक्चेलाग्ना सडकअन्तर्गत १५ किलोमिटर सडक कालोपत्रे गर्ने योजना छ। त्यसैगरी त्रिवेणी हुँदै टोप्ला जोड्ने सडकको स्तरोन्नति गरिनेछ। यो सडक जुम्लालाई जाजरकोट हुँदै सुर्खेतसँग जोड्ने छोटो मार्गका रूपमा परिचित छ।

सडक सुधार भएपछि भेरीखोला क्षेत्रको आर्थिक गतिविधि विस्तार हुनुका साथै स्थानीयको आवागमन र व्यापारिक गतिविधिमा सहजता आउने अपेक्षा गरिएको छ।

यसका अतिरिक्त जुम्ला-खलंगा-खाली-भुलभुल-ताल्चा-मुगु सडक, मनाङ-मुस्ताङ-डोल्पा हुँदै जुम्ला जोड्ने सडक, कर्णाली राजमार्ग अन्तर्गत कालिकोटको मान्मदेखि नाम्म बजारसम्मको खण्ड तथा नाम्म-जुम्ला सडकका विभिन्न भागको स्तरोन्नति गरिनेछ।

सडक डिभिजन जुम्लाले आगामी निर्माण कार्यमा गुणस्तर र समयपालनलाई मुख्य प्राथमिकता बनाएको जनाएको छ।

डिभिजन प्रमुख महताराको नेतृत्वमा पुराना अलपत्र ठेक्का रद्द गर्ने, समयमै नयाँ ठेक्का प्रक्रिया अघि बढाउने र जिम्मेवार निर्माण व्यवसायीलाई प्रोत्साहन गर्ने नीति कार्यान्वयनमा ल्याइएको छ।

कर्णालीका अधिकांश ग्रामीण क्षेत्रमा सडक सञ्जाल पुगे पनि स्तरोन्नति अभावका कारण नागरिकले वर्षभर सहज यातायात सुविधा पाउन सकेका छैनन्। यसले स्थानीय उत्पादनको बजारीकरणमा समेत समस्या सिर्जना गरेको छ। विशेषगरी वर्षायाममा जुम्लाको प्रमुख उत्पादन स्याउ देशका विभिन्न बजारसम्म ढुवानी गर्न कठिनाइ हुने समस्या अझै कायम रहेको छ।

तिब्बती मार्ग हुँदै हुम्ला पुग्यो ३२ सय क्विन्टल खाद्यान्न

काँक्रेविहार संवाददाता

हुम्ला, ८ साउन

खाद्य व्यवस्था तथा व्यापार कम्पनीले रसुवागढी-केरुङ देखी हिल्सा तिब्बती मार्ग हुँदै हुम्लामा तिन हजार दुई सय क्विन्टल खाद्यान्न ढुवानी गरेको छ।

हवाई सेवा अवरुद्ध हुने जोखिम र दुर्गम क्षेत्रमा नियमित आपूर्ति सुनिश्चित गर्न कम्पनीले वैकल्पिक स्थलमार्ग प्रयोग गरेको हो।



खाद्य व्यवस्था तथा व्यापार कम्पनी हुम्ला शाखाका प्रमुख कृष्ण पुनमगरका अनुसार आर्थिक वर्ष २०८२/८३ को ढुवानी अनुदान कार्यक्रम अन्तर्गत काठमाडौंको थापाथलीबाट खाद्यान्न रसुवागढी हुँदै केरुङ र हिल्सासम्म स्थलमार्गबाट पुऱ्याइएको हो।

काठमाडौंबाट हिल्सा पुग्न खाद्यान्नलाई १७ दिन लागेको उनले बताए। ढुवानी गरिएको तिन हजार दुई सय क्विन्टल खाद्यान्नमध्ये सात सय क्विन्टल नाम्खा गाउँपालिका छ स्थित हिमालपारिको लिमी क्षेत्रका लागि पठाइएको छ। यस्तै एक हजार क्विन्टल नाम्खा गाउँपालिकाका अन्य वडाका उपभोक्ताका लागि याल्वाङ बिक्री केन्द्रमा पुऱ्याइएको छ भने बाँकी एक हजार पाँच सय क्विन्टल खाद्यान्न सिमकोटस्थित शाखा कार्यालयमा भण्डारण गरिएको छ।

कम्पनीका अनुसार काठमाडौं देखि रसुवागढी, केरुङ र हिल्सा हुँदै बिक्री केन्द्र तथा शाखा कार्यालयसम्म खाद्यान्न प्रतिकिलो ३९ रुपैयाँ ढुवानी लागतमा ल्याइएको हो। यसअघि हिउँदमा नाका बन्द हुने र पछिल्लो समय आवश्यक कागजी प्रक्रिया पूरा गर्न ढिलाइ भएकाले तिब्बती मार्ग प्रयोग गरेर खाद्यान्न ढुवानी गरिएको शाखाले जनाएको छ।

हुम्लामा वर्षायाममा प्रतिकूल मौसमका कारण हवाई सेवा नियमित नहुने भएकाले खाद्यान्न आपूर्तिमा समस्या हुने गरेको छ। यही कारण कम्पनीले तिब्बती मार्गलाई वैकल्पिक आपूर्ति मार्गका रूपमा प्रयोग गर्दै आएको छ।

चालु आर्थिक वर्षमा पनि यही मार्गबाट खाद्यान्न ढुवानीलाई निरन्तरता दिने योजना रहेको शाखा कार्यालयले जनाएको छ।

स्थलमार्गबाट समयमै खाद्यान्न भित्रिएपछि विशेषगरी नाम्खा गाउँपालिका र सिमकोट क्षेत्रका उपभोक्तालाई सहुलियत दरमा खाद्यान्न उपलब्ध गराउन सहज हुने अपेक्षा गरिएको छ।

शान्ति सुरक्षाबारे नागरिक समाजको चासो

काँक्रेविहार संवाददाता

डोल्पा, ८ साउन

पछिल्ला केही दिनयता जिल्लामा भएका विभिन्न घटनापछि डोल्पामा शान्ति सुरक्षाको अवस्थाबारे नागरिक तहमा चासो बढेको छ।

नागरिक समाज डोल्पाले नागरिक, प्रशासन र सुरक्षा निकायबीच समन्वय, संवाद तथा पारस्परिक विश्वास सुदृढ गर्नुपर्नेमा जोड दिएको छ।

नागरिक समाज डोल्पाका अध्यक्ष शेरबहादुर बुढाको आह्वानमा बिहीबार सदरमुकाम दुनैमा आयोजित छलफलमा नागरिक समाज, राजनीतिक दल, उद्योगी-व्यवसायी तथा विभिन्न क्षेत्रका प्रतिनिधिहरू सहभागी भएका थिए।

छलफलले सुरक्षा निकायप्रति कुनै पूर्वाग्रह नरहेको स्पष्ट पार्दै नागरिकले व्यवहारमै राज्यको उपस्थिति र सुरक्षाको अनुभूति गर्न सक्ने वातावरण निर्माण गर्नुपर्ने निष्कर्ष निकालेको हो।

छलफलमा सहभागीहरूले सुरक्षा निकाय र नागरिकबीचको संवाद तथा समन्वय अपेक्षा अनुसार प्रभावकारी हुन नसकेको धारणा राखे।

'प्रहरी मेरो साथी' र 'समुदाय-प्रहरी साझेदारी'जस्ता कार्यक्रमलाई व्यवहारमा अझ प्रभावकारी रूपमा कार्यान्वयन गर्न सके नागरिक र सुरक्षा निकायबीचको विश्वास थप बलियो बन्ने उनीहरूको भनाइ थियो।



तस्बिर एआइ

अध्यक्ष बुढाले नागरिक समाजको उद्देश्य सुरक्षा निकायको भूमिकामाथि प्रश्न उठाउनु नभई नागरिक, प्रशासन र सुरक्षा संयन्त्रबीचको सहकार्यलाई प्रभावकारी बनाउनु रहेको बताए। उनले नागरिकले सुरक्षित महसुस गर्ने वातावरण निर्माण गर्नु राज्यको दायित्व भएको उल्लेख गरे। राजनीतिक दलका प्रतिनिधिहरूले पनि जिल्लाको सुरक्षा अवस्थाप्रति चासो व्यक्त गर्दै नागरिकमा विश्वास बढाउने गरी सुरक्षा संयन्त्रले अझ प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने धारणा राखे। उद्योगी तथा व्यवसायीहरूले असुरक्षाको अनुभूतिले लगानी र व्यापारिक गतिविधिमा नकारात्मक असर पर्न सक्ने भन्दै जिल्लाको वास्तविक अवस्था र स्थानीय आवश्यकतालाई ध्यानमा राखेर काम गर्न राज्यका निकायलाई आग्रह गरे। नागरिक समाजले शान्ति सुरक्षा, नागरिकको सुरक्षाको अधिकार तथा पछिल्ला घटनाक्रमबारे प्रमुख जिल्ला अधिकारीसँग विस्तृत छलफल गर्ने तयारी गरेको जनाएको छ।

नियमित संवाद, पारदर्शी समन्वय र आपसी विश्वासको वातावरण निर्माण गर्न सके मात्र डोल्पामा दिगो शान्ति, सुरक्षित व्यावसायिक वातावरण र नागरिकमा सुरक्षा अनुभूति स्थापित गर्न सकिने नागरिक समाजको निष्कर्ष छ।

'सीमा अनुगमनका लागि मन्त्रीस्तरीय टास्क फोर्स बन्छ'

काँक्रेविहार संवाददाता

काठमाडौं, ८ साउन

गृहमन्त्री सुधन गुरुङले सीमानाकाको अनुगमनलाई थप प्रभावकारी बनाउन अब गृहमन्त्री स्वयम् जाने अभ्यासको सट्टा मन्त्रीस्तरीय टास्क फोर्स गठन गर्ने तयारी गरिएको बताएका छन्।

शुक्रबार राष्ट्रियसभाअन्तर्गतको संघीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिको बैठकमा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिँदै गृहमन्त्री गुरुङले यस्तो जानकारी दिएका हुन्।



उनले गृहमन्त्री सीमा नाकामा पुग्दा भिडभाड बढ्ने, काम गर्न असहज हुने तथा कतिपयले त्यसलाई 'स्टन्ट'को रूपमा टिप्पणी गर्ने गरेको उल्लेख गरे।

'सीमा नाकामा अब गृहमन्त्री जानेभन्दा पनि मन्त्रिस्तरीय टास्क फोर्स बनाउने योजना बनाएका छौं। गृहमन्त्री जाँदा धेरैले घेर्नुहुँदो रहेछ। काम गर्नै गाह्रो हुने रहेछ। कतिपयले स्टन्ट पनि भनिदिनुहुँदो रहेछ। अब हामीले बुझिसक्यौं,' उनले भने।

गृहमन्त्री गुरुङले अब सादा पोशाकमा खटिने विशेष युनिटमार्फत सीमा क्षेत्रमा पुगेर जनताको समस्या बुझ्ने र नियमित अनुगमन गरिने पनि बताए।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

स्थानीय...

स्वीकार गरे । 'हामीले राजी जातिको भाषा, संस्कृति संरक्षणका लागि बजेट छुट्याएका थियौं, तर विविध कारणले बजेट खर्च नै हुन सकेन,' उनले भने ।

राजी साल्म समाजका महासचिव अशोक राजी बजेट भाषा संरक्षणको लागि पर्याप्त बजेट विनियोजन नहुने गरेको बताउँछन् । उनका अनुसार भाषा सिकाउने कक्षा, अध्ययन सामग्री, शब्दकोश, अभिलेखीकरण र विद्यालय शिक्षामा प्रयोगजस्ता कार्यक्रम सञ्चालन नभएसम्म भाषा संरक्षण सम्भव छैन ।

नेपाल भाषिक विविधतामा धनी छ । २०७८ सालको राष्ट्रिय जनगणनाले नेपालमा १२४ भाषा बोलिने तथ्यांक सार्वजनिक गरेको छ । तर भाषाविज्ञहरूका अनुसार तीमध्ये धेरै भाषा संकटग्रस्त अवस्थामा छन् । भाषा आयोगका अनुसार नेपालमा हजारभन्दा कम वक्ता भएका दर्जनौं भाषा छन् । आयोगले त्यस्ता भाषाको अभिलेखीकरण र संरक्षणका लागि कार्यक्रम सञ्चालन गरिरहेको जनाएको छ । राजी भाषाको संरक्षणका लागि केही प्रयास पनि भएका छन् । भाषा आयोगले राजी भाषाको व्याकरण तयार गरिसकेको छ । आयोगले लोपोन्मुख भाषाहरूको अभिलेखीकरण, शब्दसंग्रह संकलन र व्याकरण निर्माणको काम गर्दै आएको छ । राजी भाषा पनि आयोगले व्याकरण तयार गरिसकेका भाषामध्ये एक हो ।

तर समस्या व्याकरणलाई व्यवहारिक रुपमा अभ्यासमा रुपान्तरण गर्न नसक्नु हो ।

'व्याकरण किताबमा छ, तर विद्यालयमा छैन,' महासचिव अशोक राजी भन्छन्, 'बालबालिकाले पढ्न पाएनन् भने भाषा कसरी बच्छ ?'

मानबहादुर राजीलाई अहिले पनि आफ्नो बाल्यकालको भाषा सम्झना छ । उनी अझै राजी भाषामा गीत गाउन सक्छन्, कथा भन्न सक्छन् । तर उनको सबैभन्दा ठूलो चिन्ता त्यो भाषा आफ्ना नाति-नातिनासम्म नपुग्नु हो । 'हामी त अब बुढा भयौं, हामीपछि बोल्ने को रहन्छ ?'

उनी भन्छन्, 'संघीयता लागू हुँदा स्थानीय भाषा, संस्कृति र पहिचान जोगिने आशा गरिएको थियो, तर राजी भाषाको अवस्था हेर्दा समुदायको आशा अधुरै छ ।' स्थानीय तहले समुदायसँग सहकार्य गरी शब्दकोश निर्माण, भाषाको अभिलेखीकरण, श्रव्य-दृश्य सामग्री उत्पादन, मातृभाषा कक्षा सञ्चालन र स्थानीय पाठ्यक्रम विकास गर्नुपर्ने उनको सुझाव छ ।

सडक सम्झौता अघि नै कालोपत्रे

❐ काँक्रेविहार संवाददाता
दैलेख, ८ साउन



डुङ्गेश्वर गाउँपालिकाको केन्द्र डाँडापराजुललाई पक्की सडक सञ्जालसँग जोड्ने उद्देश्यले निर्माण गरिएको सडक १७ वर्षपछि कालोपत्रे भएको छ ।

सम्झौता अवधिभन्दा करिब एक वर्षअघि नै सडकको मुख्य निर्माण कार्य सम्पन्न भएपछि स्थानीयवासीको लामो समयदेखिको सहज यातायातको अपेक्षा पूरा भएको छ । विश्व बैंकको ऋण तथा अनुदान सहयोगमा सञ्चालित संघीय सरकारको स्थानीय सडक सुधार आयोजना कार्यक्रमअन्तर्गत कर्णाली प्रदेशको प्रादेशिक तथा स्थानीय सडक सुधार योजनामार्फत सडक निर्माण गरिएको हो ।

पूर्वाधार विकास कार्यालय दैलेखको समन्वयमा सञ्चालित आयोजनाको निर्माण जिम्मा एमएसएसी-केकेबीएनएस जेभी, कालिमाटीले २८ करोड १२ लाख ७५ हजार नौ सय ३८ रुपैयाँमा पाएको थियो ।

आयोजनाको सम्झौता २०८१ चैत २१ गते भएको थियो । त्यसको २१ दिनपछि तत्कालीन मुख्यमन्त्री यामलाल कँडेलले शिलान्यास गरेसँगै निर्माण कार्य सुरु भएको थियो ।

सम्झौता अनुसार काम २०८३ चैत मसान्तसम्म सम्पन्न गर्नुपर्ने भए पनि निर्माण कम्पनीले मुख्य निर्माण कार्य करिब एक वर्षअघि नै पूरा गरेको हो ।

डुङ्गेश्वर गाउँपालिकाका अध्यक्ष सुन्दरकुमार केसीले सडक निर्माण अपेक्षाभन्दा छिटो र गुणस्तरीय रूपमा सम्पन्न भएको बताए ।

निर्माणको गुणस्तरमा स्थानीय तहले सुरुदेखि नै विशेष निगरानी गरेको उनको भनाइ छ । सडक कालोपत्रेको मुख्य काम सम्पन्न भए पनि सेफ्टी पिलर, सडक रडरोगन, किलोमिटर तथा दूरी जनाउने कोसेढुङ्गा र ट्राफिक संकेत बोर्ड जडानलगायत केही सुरक्षासम्बन्धी काम बाँकी रहेका निर्माण कम्पनीले जनाएको छ ।

सम्झौता अनुसार निर्माण सम्पन्न भएपछि दुई वर्षसम्म निर्माणसम्बन्धी दायित्व र त्यसपछिका पाँच वर्ष नियमित मर्मतसम्भारको जिम्मेवारी पनि निर्माण कम्पनीकै रहनेछ ।

डाँडापराजुल क्षेत्रमा करिब १७ वर्षअघि सडकको ट्र्याक खुले पनि कालोपत्रे नहुँदा स्थानीयवासी वर्षायाममा हिलो र सुख्खायाममा धुलोको समस्या झेल्दै आएका थिए ।

सडक कालोपत्रे भएपछि आवागमन सहज हुनुका साथै स्थानीय उत्पादनको बजारीकरण, शिक्षा, स्वास्थ्य र अन्य सेवा-सुविधामा पहुँच विस्तार हुने अपेक्षा गरिएको छ ।

काठ लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०४/०९ गते

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट संकलन भएर उत्पादन भई घाटगद्दी गरी राखिएको साल जातको ए, बि र सि ग्रेडको गोस २४, ६४, ९४ गोलियाको ३३४.९५, ६३७.४, ४८१.७५ क्युफिट, असन्न जातको ए, बि र सि ग्रेडको गोस १३, १०, ६ गोलियाको २०९.५६, ९०.९२ ६१.३९ क्युफिट, खोटेसल्ला जातको ए र बि ग्रेडको गोस ३०, ५९ गोलियाको ४७५.०९, ५६६.५ क्यसफिटको आ.व. २०८२/०८३ मा कटान भई घाटगद्दी गरी राखिएको काठ बोलपत्रद्वारा लिलाम बिक्री गर्न प्रथम पटक सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ती, संघ-संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको २:०० बजे सा.व.उ.स.को कार्यालयमा दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

अध्यक्ष
श्री एकाता सामुदायिक वन उपभोक्ता समूह
बराहताल-५ र ८, सुर्खेत

सूचना, समाचार तथा विज्ञापनको लागि ९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

खाद्य...

पहिले व्यवसायीलाई सचेत गराएर सुधारको अवसर दिनुपर्ने धारणा व्यक्त गरे । होटल, रेष्टुरेन्ट तथा सडक किनाराका (स्ट्रिट फुड) खाद्य व्यवसायमा समेत खाद्य सुरक्षासम्बन्धी कार्यक्रम सञ्चालन गर्न आवश्यक रहेको उनले बताए ।

उनले पछिल्लो समय नसर्ने रोगको बढ्दो जोखिमसँग खाद्य स्वच्छताको सम्बन्ध रहेको उल्लेख गर्दै विद्यालय तथा विश्वविद्यालयको पाठ्यक्रममै खाद्य स्वच्छतासम्बन्धी विषय समावेश गरी बाल्यकालदेखि नै सचेतना अभिवृद्धि गर्नुपर्नेमा जोड दिए । 'गोठदेखि ओठसम्म' खाद्य शृंखलामा संलग्न उत्पादक, ढुवानीकर्ता, भण्डारणकर्ता, विक्रेता र उपभोक्ता सबै जिम्मेवार हुनुपर्ने उनको भनाइ थियो ।

कार्यक्रममा सहभागी सरोकारवालाले सडक किनाराका खाद्य व्यवसाय (स्ट्रिट फुड) मा पनि खाद्य सुरक्षा कार्यक्रम सञ्चालन गर्नुपर्ने, चीनबाट आयात हुने खाद्यवस्तुको प्रभावकारी निरीक्षणका लागि हुम्लाको हिल्सामा खाद्य निरीक्षण कार्यालय स्थापना गर्नुपर्ने माग गरेका थिए । खाद्य सुरक्षालाई प्रभावकारी बनाउन सबै सरोकारवाला निकायबीच समन्वय र सहकार्यलाई थप सुदृढ बनाउने प्रतिबद्धतासमेत कार्यक्रममा व्यक्त गरिएको थियो ।

प्रमुख जिल्ला अधिकारी धर्मराज जोशीले सीमित जनशक्ति, फराकिलो कार्यक्षेत्र र बढ्दो कार्यचापका बीच पनि कार्यालयले प्रभावकारी रुपमा जिम्मेवारी निर्वाह गरेको भन्दै प्रशंसा गरे उनले उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने मिसावटयुक्त खाद्यवस्तु, कालोबजारी तथा गुणस्तरहीन खाद्य सामग्रीको बिक्री-वितरण नियन्त्रणका लागि बजार अनुगमनलाई अझ सशक्त, नियमित र परिणाममुखी बनाउन प्रशासनले कार्यालयसँग आवश्यक समन्वय र सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता पनि उनले व्यक्त गरे ।

कार्यक्रममा सहभागी सरोकारवालाले खाद्य अनुगमनलाई अझ प्रभावकारी, नियमित र जिल्लाका सबै स्थानीय तहसम्म विस्तार गर्न सुझाव दिए । बजारमा अझै म्याद नाघेका तथा गुणस्तरहीन खाद्यवस्तुको बिक्री-वितरण भइरहेको, दुर्गम क्षेत्रमा अनुगमन प्रभावकारी हुन नसकेको तथा उपभोक्ता सचेतनामूलक कार्यक्रम थप गर्नुपर्ने आवश्यकता उनीहरुले औंल्याए । खाद्य उद्योग, होटल तथा रेष्टुरेन्टको नियमित अनुगमन गरी कानुन उल्लंघन गर्ने व्यवसायीमाथि कडा कारबाही गर्नुपर्ने मागसमेत सहभागीले गरे । कार्यक्रममा उठेका सुझाव र गुनासोलाई आगामी कार्ययोजनामा समेटेर कार्यान्वयन गरिने कार्यालय प्रमुख न्यौपानेको भनाइ छ ।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)